Standard Chartered
Standard Chartered Bank Nepal Limited
स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड

नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था
नयाँ बानेश्वर, काठमाडौं ।
फोन नं. ९७७-१-४७८१८००, फ्याक्स नं. ९७७-१-४७८०७६२
इमेलः clientcarecentre.nepal@sc.com / वेवसाइटः www.sc.com/np

# सुचनाको हकसम्बन्धी ऐन,२०६४ को दफा ५(३) र नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण ।

**१. निकायको स्वरुप र प्रकृतिः**

कम्पनी ऐन (पहिलो संसोधन), २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम नेपाल राष्ट्र बैंकवाट बैंकिङ्ग कारोबार संचालन गर्न “क” वर्गको ईजाजत प्राप्त बैंक ।

**२. निकायको काम, कर्तव्य र अधिकारः**

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको प्रबन्धपत्रमा व्यवस्था भए वमोजिमका काम, कर्तव्य र अधिकार ।

**३. निकायमा रहने कर्मचारी संख्या र कार्य विभाजन :**

कार्यरत कर्मचारी संख्या ४८६ रहेको छ र बैंकले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत भईरहेको छ । व्यवस्थापन समूहको नाम र पद बैंकको वेबसाईट www.sc.com/np बाट जानकारी लिन सकिन्छ ।

**४. निकायबाट प्रदान गरिने सेवा :**

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम “क” वर्गको ईजाजतपत्र प्राप्त बैंकले दिन सक्ने सम्पूर्ण सेवाहरु ।

**५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः**

सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीहरुको विवरण बैंकको वेबसाईटबाट जानकारी लिन सकिन्छ ।

**६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधिः**

बैंकले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा सो सँग सम्बन्धित आवश्यक अन्य सम्पूर्ण विषय वस्तुहरु यस बैंकको वेबसाईटमा प्रकाशित गरिएको छ ।

**७. निर्णय गर्ने प्रक्रिया र अधिकारीः**

बैकिङ्ग कारोबारका सम्बन्धमा शाखा प्रबन्धक, विभागीय प्रमुखका अतिरिक्त उच्च पदस्थ व्यवस्थापन पदाधिकारीहरु प्रमुख निर्णयकर्ताका रुपमा रहेका छन् । प्रमुख कार्यकारी अधिकृत तथा बैंकको संचालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेको छ ।

**८. निर्णयउपर उजुरी सुन्ने अधिकारीः**

बैंकको काम कारोबार तथा यसले प्रदान गरेको सेवाको सम्बन्धमा ग्राहकहरुले कुनै किसिमको गुनासो तथा उजुरी गर्नका लागि हाल केन्द्रिय स्तरमा बैंकको निम्न उल्लेखित अधिकृतलाई गुनासो सुन्ने अधिकारीको रुपमा रहने व्यवस्था गरिएको छ । निजको नाम, ठेगाना यस प्रकार रहेको छ :

**श्री गोपीकृष्ण भण्डारी**
**पदः प्रमुख जोखिम अधिकृत एवं बरिष्ठ कर्जा अधिकृत**
**स्ट्याण्डर्ड चार्टर्ड  बैंक नेपाल लिमिटेड**
**प्रधान कार्यालय, काठमाडौं,**
**फोन नंः ०१-४७८२३३३, फ्याक्सः ०१-४७८०७६२**
**ईमेलः** Gopi.Bhandari@sc.com

**९. सम्पादन गरेको कामको विवरणः**

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम "क" वर्गको ईजाजत प्राप्त बैंकहरुले गर्न सक्ने सम्पूर्ण बैकिङ्ग कारोबारहरु सम्पादन भईरहेको छ ।

**१०. सूचना अधिकारीको नाम र पद**

बैंकको काम कारोबारका सम्बन्धमा आवश्यक सूचना प्रदान गर्न तपशिल बमोजिमको अधिकारीलाई तोकिएको छ ।

**श्री दिवाकर पौडेल**
**प्रमुख- ब्रान्ड एण्ड मार्केटिङ तथा संस्थागत मामला**
**स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड**
**प्रधान कार्यालय, काठमाडौं,**
**फोन नंः ०१-४७८२३३३, फ्याक्सः ०१-४७८०७६२**
**ईमेलः Diwakar.Poudel@sc.com**

**११. ऐन, नियम, विनियम, वा निर्देशिकाको सूचीः**

बैंकले व्यवसाय संचालनका क्रममा पालना गर्नुपर्ने देहाय बमोजिमका ऐन, नियम, विनियम र निर्देशिकाहरु पालना गर्ने गरेको छ ।

१. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३
२. नेपाल राष्ट्र बैंक ऐन, २०५८

३. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
४. कम्पनी (पहिलो संसोधन) ऐन, २०६३
५. बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४
६. सम्पत्ति शुद्धिकरण (मनि लाउन्डरिङ्ग) ऐन, २०६४
७. धितोपत्र सम्बन्धी ऐन, २०६३
८. सुरक्षित कारोबार ऐन, २०६३
९. करार ऐन, २०५६
१०. विनिमय अधिकारपत्र ऐन, २०३४
११. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९
१२. उपरोक्त ऐनहरु बमोजिम सम्पूर्ण नियम तथा विनियमहरु
१३. नेपाल राष्ट्र बैंकबाट जारी गरिएका सम्पूर्ण निर्देशिका, परिपत्रहरु
१४. नेपाल राष्ट्र बैंकबाट समय समयमा स्वीकृत भई लागु भएका कर्मचारी सेवा, आर्थिक प्रशासन, कर्जा अपलेखन सम्बन्धी बैंकका विनियमहरु
१५. बैंकिङ्ग कारोबारका क्रममा पालन गरिनुपर्ने अन्य प्रचलित नेपाल कानुन

**१२. आम्दानी, खर्च तथा आर्थिक कारेबार सम्बन्धी अद्यावधिक विवरणः**

बैंकले आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी त्रैमाशिक विरवरणहरु राष्ट्रिय स्तरको पत्र-पत्रिकामा प्रकाशित गर्दै आएको छ । साथै सो सम्बन्धी विवरण बैंकको वेबसाईटबाट समेत प्राप्त गर्न सकिनेछ । यसका साथै बैंकको वार्षिक वित्तीय विवरण बैंकको वेबसाईटमा राखिएको छ ।

**१३. बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना देहाय बमोजिम रहेको छ ।**

श्री जोसेफ सिल्भानुस
प्रमुख कार्यकारी अधिकृत
स्ट्याण्डर्ड चार्टर्ड बैक नेपाल बैक लि.
नयाँ बानेश्वर, काठमाडौं
फोन नं. ०१-४७८२३३३

**१४. सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको विवरणः**

क) यस बैंकले बैकिङ्ग कारोबार सम्बन्धी कार्य गर्दै आएको छ, त्यसदेखि बाहेक विशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना गरेको छैन ।

ख). सार्वजनिक निकायको वेवसाईट भए सोको विवरणः www.sc.com/np

Standard Chartered
Standard Chartered Bank Nepal Limited
स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था
नयाँ बानेश्वर, काठमाडौं ।
फोन नं. ९७७-१-४७८१८००, फ्याक्स नं. ९७७-१-४७८०७६२
इमेलः clientcarecentre.nepal@sc.com / वेवसाइटः www.sc.com/np

ग) बैंकले वार्षिक विवरणहरु पुस्तकको रुपमा तथा बैंकको वेबसाईटमा समेत प्रकाशन गर्दै आएको छ । साथै बैंकको आर्थिक विवरणहरु त्रैमाशिक रुपमा राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशन गरी बैंकको वेबसाइटमा समेत प्रकाशित गर्दै आएको छ ।